# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः ११ सितम्बर २०२६**

समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**<u>प्रमुख समाचार</u>**

- नयाँ दिल्लीको भारत मण्डपममा भोलीदेखि 18 औं ब्रिक्स शिखर सम्मेलन आयोजना हुनेछ।

- मुख्यमन्त्री शुभेन्दु अधिकारीले सल्ट लेकको सिटी सेन्टर-१ मा एक निजी संस्थाद्वारा निर्मित विश्वको सबैभन्दा ठूलो "फेसन वार्डरोब" को औपचारिक उद्घाटन गर्नुभयो।

- पार्वतीय मामिला तथा अल्पसंख्यक राज्य मन्त्री  विशाल लामाले दार्जीलिङको भानु भवन परिसरमा रहेका अस्थायी व्यवसायीहरूलाई दशैंभन्दा अघि नै स्थायीकरण गर्ने प्रयास भइरहेको  बताउनु भएको छ।

- अभिषेक बनर्जीका पी.ए. सुमित रोयलाई शालबनी जग्गा भ्रष्टाचार मुद्दामा आठ दिनको पुलिस हिरासतमा पठाइएको छ।

- मौसम विभागले उत्तर बंगालमा  वर्षा जारी रहने अनुमान गरेको छ।

**ब्रिक्स सम्मेलन**

भोली नयाँ दिल्लीको  भारत मण्डपममा आयोजना हुने १८ औं ब्रिक्स शिखर सम्मेलनको लागि मञ्च तयार छ। शिखर सम्मेलनको क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले रूसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी जिनपिङ, दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसा, इजिप्टका राष्ट्रपति अब्देल फताह अस्सी, इन्डोनेसियाली राष्ट्रपति प्रबोवो सुबियान्तो, इरानी राष्ट्रपति मसूद पेजेश्कियान र अबुधाबीका युवराज शेख खालेद बिन मोहम्मद बिन जायद अल नाह्यान लगायत विश्व नेताहरूलाई आतिथ्य प्रदान गर्नु हुनेछ। भारतको २०२६ ब्रिक्स अध्यक्षताको विषयवस्तु लचिलोपन, नवप्रवर्तन, सहयोग र स्थिरता निर्माण रहेको छ। शिखर सम्मेलन भोलि ब्रिक्स सदस्य देशहरूको बैठकबाट सुरु हुनेछ, जसको विषयवस्तु विश्वव्यापी संस्थाहरूलाई थप समावेशी बनाउने र बहुपक्षीयतालाई सुदृढ बनाउने रहेको छ। ब्रिक्स नेताहरूले भारत मण्डपममा भारत नवप्रवर्तन प्रदर्शनीको भ्रमण गर्नेछन्। उनीहरूले संयुक्त वृक्ष रोपण कार्यक्रममा पनि भाग लिनेछन्, त्यसपछि प्रधानमन्त्री नरेन्द्र  मोदीले आयोजना गरेको रात्री भोजनमा समावेश  हुनेछन्। शिखर सम्मेलनको क्रममा प्रधानमन्त्रीले ब्रिक्स नेताहरूसँग धेरै द्विपक्षीय बैठकहरू गर्नु हुनेछ। सबै नेताहरूले "लचिलोपन, नवीनता, सहयोग, र दिगोपन: समावेशी विश्वव्यापी वृद्धिको लागि भविष्य निर्माण" विषयवस्तुमा एक सत्रमा भाग लिनेछन्।

**<u>मुख्यमन्त्री- सल्ट लेक</u>**

दुर्गा पूजाको अघि आज कोलकातामा एउटा अनौठो "फेसन वार्डरोब" को उद्घाटन गरियो। मुख्यमन्त्री शुभेन्दु अधिकारीले सल्ट लेकको सिटी सेन्टर-१ मा एक निजी संस्थाद्वारा निर्मित विश्वको सबैभन्दा ठूलो "फेसन वार्डरोब" को औपचारिक उद्घाटन गर्नुभयो। ५० फिट लामो र २० फिट चौडा मापन गरिएको यो विशाल इंस्टलेशनलाई आज नै  गिनिज वर्ल्ड रेकर्ड्सले पनि मान्यता दिएको जानकारी प्राप्त भयो भने उद्घाटन समारोहमा संस्थाका प्रतिनिधिहरूलाई प्रमाणपत्र पनि प्रदान गरिएको थियो। राज्यका मुख्य सचिव मनोज कुमार अग्रवाल, विधाननगर नगर निगमका प्रशासक रवि अग्रवाल, र विधाननगर पुलिस आयुक्त अमित राठोड लगायत अन्य धेरै अधिकारीहरू उपस्थित थिए।

मुख्यमन्त्रीले कार्यक्रमलाई राज्यको औद्योगिक र व्यावसायिक सम्भावनाहरूको लागि सकारात्मक पहलको रूपमा वर्णन गर्नु भयो। उहाँले आफ्नो उपस्थिति सरकारी कार्यक्रमहरूमा सीमित गर्नुको सट्टा निजी क्षेत्रको पहललाई प्रोत्साहन गर्ने उद्देश्यले भएको बताउनु भयो। मुख्यमन्त्रीले पश्चिम बंगालमा व्यापार र उद्योगमैत्री वातावरण लामो समयदेखि प्रभावित भएको उल्लेख गर्नु भयो। उहाँले विगत चार महिनामा सरकार र निजी क्षेत्रले उद्योग र व्यवसायको लागि अनुकूल वातावरण सिर्जना गर्न धेरै कार्यक्रमहरू सञ्चालन गरेको बताउनु भयो।उहाँले विगतमा सिन्डिकेट र भ्रष्टाचारका कारण राज्यमा व्यावसायिक वातावरण बिग्रिएको बताउनु हुँदै उद्योग र व्यवसायको लागि अनुकूल वातावरण पुनर्स्थापित गर्नु वर्तमान सरकारको जिम्मेवारी रहेको बताउनु भयो। मुख्यमन्त्रीले विश्व रेकर्ड कायम गरेको र गिनिज बुक अफ वर्ल्ड रेकर्डमा सूचीकृत भएकोमा संस्थाको व्यवस्थापनलाई बधाई दिनुभयो।

**<u>विशाल लामा- दार्जीलिङ</u>**

पार्वतीय मामिला तथा अल्पसंख्यक राज्य मन्त्री  विशाल लामा दुई दिवसीय औपचारिक भ्रमणका लागि दार्जीलिङ आइपुग्नु भएको छ। भ्रमणको पहिलो दिन, उहाँले यस क्षेत्रका प्रशासनिक कामकाजको समीक्षा गर्न 'गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन (GTA) का वर्तमान अधिकारीहरूसँग उच्च-स्तरीय छलफल गर्नु भयो। प्रशासनिक बैठकपछि लामाले प्रसिद्ध 'भानु भवन' परिसरको भ्रमण गर्नु भयो र त्यहाँ रहेका स्थानीय फुटपाथ व्यवसायीहरूका पसलहरूको व्यक्तिगत रूपमा निरीक्षण गर्नु भयो। स्थानीय व्यवसायीहरूका लामो समयदेखि थाती रहेका समस्याहरूबारे सम्बोधन गर्नु हुँदै, उहाँले उनीहरूको स्थानान्तरणका लागि स्थायी स्थान उपलब्ध गराउने कदम चालिने आश्वासन दिनुभयो। श्री लामाले आफ्नो दुई दिवसीय भ्रमणको बाँकी समय दार्जीलिङ पहाडी क्षेत्रका महत्त्वपूर्ण विकाससम्बन्धी तथा नागरिक सरोकारका मुद्दाहरूको पहिचान र समाधान गर्नमा व्यतीत गर्ने जानकारी प्राप्त भएको छ।

BYTE

**<u>सुमित रोय- पुलिस हिरासत</u>**

अभिषेक बनर्जीका पी.ए. सुमित रोयलाई शालबनी जग्गा भ्रष्टाचार मुद्दामा आठ दिनको पुलिस हिरासतमा पठाइएको छ। मेदिनीपुर जिल्ला अदालतले आज सीआईडीको हिरासतको लागि आवेदन स्वीकृत गरेको छ। स्रोतका अनुसार, सुमितलाई आज बिहान लगभग ११ बदेर ३० मिनटमा सीआईडी- को वाहनमा मेदिनीपुर जिल्ला अदालतमा पुर्याइएको थियो। सुरुमा उनलाई अदालतको तालाबन्दीमा राखिएको थियो। दिउँसो अदालतमा हाजिर हुँदा सुमितका वकिलले जमानतको निवेदन दिएनन्। सहायक सरकारी वकिल नाजिम हबिबले अदालतले सुमितलाई आठ दिनको पुलिस हिरासतमा राख्न आदेश दिएको बताउनु भएको छ। उनलाई १९ सेप्टेम्बरमा फेरि अदालतमा पेश गरिने छ। अदालतले सोधपुछको क्रममा उपस्थित हुने वकिलको नाम पनि खुलासा गर्नुपर्ने छ।  हिज सर्वोच्च अदालतले सुमितको पक्राउबाट सुरक्षा खारेज गर्दै  उनको अग्रिम जमानतको निवेदन खारेज गरेको थियो। यसपछि, सीआईडी- ले उनलाई कालीघाटस्थित अभिषेकको निवासबाट पक्राउ गरेको थियो।

**<u>जलपाईगुडी जिल्ला विद्यालय</u>**

जलपाईगुड़ी जिल्ला स्कूलका प्रधानाध्यापकसित भएको कथित कुपटिपटको मामिलामा स्कूल शिक्षा मन्त्री दीपक बर्मनले कड़ा कदम उठाउने निर्देश दिनुभएको छ। मन्त्रीले जिल्ला विद्यालय निरीक्षक (डीआई)-लाई शनिवारसम्ममा घटनामा संगलग्न विद्यार्थीहरूलाई चिन्हित गरी उनीहरूलाई ट्रान्सफर सर्टिफिकेट (टीसी) दिने निर्देश दिनुभएको छ। घटना शिक्षक दिवसको दिन स्कूलमा विशेष भोजनलाई लिएर शुरू भएको विवादपछि भएको थियो। यसै मामिलामा प्रधानाध्यापक र विद्यार्थीहरूमाझ बहस भएपछि स्थिति अझ उग्र भएर कुटपिटसम्म पुगेको थियो। यस घटनामा केही विद्यार्थीहरू घाइते भएको आरोप  छ। अर्कोतिर विद्यार्थीहरूको एक समूहको कथित कुटाईमा परी प्रधानाध्यापकको टाउकोमा चोट लागेको थियो। मामिलाको जानकारी लिनका लागि स्कूल शिक्षा मन्त्री दीपक बर्मन आज जलपाईगुड़ी जिल्ला स्कूलमा पुग्नुभएको थियो। उहाँले स्कूल प्रबन्धन समितिसित बैठक गर्नुभयो त्यसपछि मन्त्रीले सातौं कक्षामा गएर विद्यार्थीहरूलाई पढ़ाउनु पनि भयो।

**<u>दुधे- ह्युमपाइप पुल</u>**

पहाडमा हिज राती परेको अभिरल वर्षापछि, बालासन नदीमा बाढ़ी आएर दुधेमा रहेको असस्थायी ह्युमपाइप पुल फेरि एक पटक बगाएको छ। यसले सिलगढ़ीबाट मिरिकसम्मका भारी सवारी साधनहरूको आवागमन अस्थायी रूपमा रोकेको छ। यद्यपि, सिलढ़ी-मिरिक सम्पर्क पूर्ण रूपमा अवरुद्ध भएको छैन।

BYTE

**मौसम**

मौसम विभागले उत्तर बंगालमा वर्षा जारी रहने अनुमान गरेको छ। दार्जीलिङ, कालेबुङ, जलपाईगुडी, अलिपुरद्वार र कुचबिहार लगायत धेरै क्षेत्रमा वर्षा हुन सक्छ। मौसम विभागले आजदेखि १३ सेप्टेम्बरसम्म उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा भारी वर्षा र मेघगर्जनको चेतावनी जारी गरेको छ। मौसम विभागका अनुसार, सेप्टेम्बर १२ मा वर्षा र मेघगर्जनको गतिविधि जारी रहन सक्छ। त्यसपछि वर्षाको तीव्रता बिस्तारै कम हुने अपेक्षा गरिएको छ। तटीय क्षेत्रहरूमा प्रतिकूल मौसमका कारण माझीहरूलाई सावधानी अपनाउन सल्लाह दिइएको छ।

**वेबेल आईटी पार्क छापामारी**

मतिगढा थाना पुलिसले शहरको पारिवाहन नगर क्षेत्रमा रहेको वेबेल आईटी पार्कमा सञ्चालित अवैध कल सेन्टरमा छापा मारेर चार महिलासहित नौ जनालाई पक्राउ गरेको छ। पुलिस स्रोतका अनुसार यस कल सेन्टको आडमा लामो समयदेखि साइबर ठगी र अवैध वित्तीय कारोबार सञ्चालन भइरहेको थियो। सीबीआई अनुसन्धानसँग सम्बन्धित जानकारी पाएपछि पुलिसले यस कल सेन्टमा कारबाही गरेको हो। डिसीपी (पूर्व) चारु शर्मा र एसीपी (पूर्व) रोबिन थापाले यस कारबाहीको नेतृत्व गर्नुभएको थियो। घटनास्थलबाट ठूलो संख्यामा कागजात, कम्प्युटर र इलेक्ट्रोनिक ग्याजेटहरू जफत गरिएको थियो। कथित अवैध वित्तीय कारोबारमा प्रयोग गरिएका म्यूल र नक्कली बैंक खाताहरू पहिचान गर्न प्रारम्भिक अनुसन्धान सुरु गरिएको छ। पुलिसले अब सरकारी स्वामित्वमा रहेको वेबेल आईटी पार्कमा यति लामो समयदेखि यो कथित अवैध गतिविधि कसरी चलिरहेको थियो र यसमा को-को संलग्न छन् भन्ने बारेमा अनुसन्धान गरिरहेको छ।

**********